**निर्णय नं. १ : अमरगढी नगरपालिकाको अठारौं नगर परिषद् बैठकमा अमरगढी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण बहादुर बिष्टज्यूबाट प्रस्तुत देहाय बमोजिमको चालु आ.व. २०७०/७१ को संशाोधित बजेट तथा कार्यक्रम र आगामी आ.व. २०७१/७२ को बजेट, निति तथा कार्यक्रम पारित गरियो ।**

" सफा स्वच्छ हराभरा सुन्दर नगर, सम्पूर्ण नगरबासीको गौरवपूर्ण रहर "

**चालु आ.व. २०७०/७१ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आ.ब. २०७१/७२ को बजेट, नीति तथा कार्यक्रम**

**प्रमुख अतिथि एवं स्थानीय विकास अधिकारी श्रीमान् तारानाथ अधिकारीज्यू ,**

जिल्ला स्थित विभिन्न राजनितीक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, जिल्ला स्थित सम्पूर्ण कार्यालय तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु, पुर्व नगर प्रमुखज्यू उप प्रमुखज्यू, नागरिक समाजका अध्यक्ष, महिला दिदी बहिनीहरु, पूर्व सर्वदलीय संयन्त्रका पदाधिकारीज्यूहरु, संचारकर्मी मित्र र उपस्थित सम्पूर्ण अतिथि महानुभावहरु ...........

सर्वप्रथम, कार्य ब्यस्ततालाई थाती राखी अमरगढी नगरपालिकाको अठारौं नगर परिषद्मा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएकोमा प्रमुख अतिथिज्यू, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

प्रमुख अतिथिज्यूबाट नगरपालिको आथित्यलाई स्वीकार गरी नगरपालिकाको अठारौं नगर परिषद् उद्घाटन गरि दिनु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**उपस्थित महानुभावहरु,** नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै प्रजातान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एवं विकेन्द्रीकरणको मर्म अनुरुप स्थानीय निकायलाई सुदृढ र विकसित गर्नु पर्ने आवश्यकता रहेको छ । देश मूल कानून निर्माणको क्रममा रहेको, स्थानीय निकाय निर्वाचित जनप्रतिनिधि विहिन भएको र विविध प्रकारका संक्रमणको सामना गरीरहेको वर्तमान अवस्थामा जनताका नजिकका प्रतिनिधिको रुपमा राजनैतिक दलका प्रतिनिधिहरु रहेको र तीनै प्रतिनिधिहरुको राय, सल्लाह, सुझाव, समन्वय र सहयोगमा जनताका वास्तविक आकांक्षा प्रतिविम्वित हुंदै आइरहेका छन् ।

विकेन्द्रिकरणको सिद्धान्तको कार्यान्वयनवाट लोकतान्त्रिक प्रक्रिया संस्थागत हुनुका साथै स्थानीय नेतृत्वको विकास हुन्छ । जातीय, भाषिक, धार्मीक, सांस्कृतिक तथा भौगोलिक विविधताहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन हुँदा स्थानीय आवश्यकता एवं समस्याहरुको स्थानीय स्तरबाटै पहिचान हुनुका साथै आप्नो निर्णय आफै गर्न सक्ने वातावरण र क्षमताको विकास हुन्छ । यस्तै क्षमता र वातावरणको विकासका लागि प्रमुख आधारशिलाको रुपमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ रहेको हामी सबैलाई अवगत नै छ । स्थानीय निकायको निति निर्माणमा निर्वाचित स्थानीय निकाय गठन नभएसम्म राजनितिक दलहरु तथा स्थानीय निकाय विज्ञको राय, सल्लाह र सहमतिमा यस नगरपालिकाको आवश्यक निति, कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको कार्यलाई थप प्रभावकारी बनाउँदै लैजान नगरपालिका प्रयत्नशिल रहेको छ । विभिन्न योजना, नीति तथा कार्यक्रमहरुको छनौट देखि कार्यान्वयन, अनुगमन मूल्यांकनका हरेक

चरणहरुमा बढी भन्दा बढी सबै वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी सर्वदलीय/सर्वपक्षीय माध्यमबाट सहभागितात्मक पद्धतिको सिद्धान्तलाई यस नगरपालिकाले पूर्णरुपमा अवलम्वन गर्दै आएको जग जाहेर नै छ। वस्ती/वडा तहबाट छनौट भएका योजनालाई नै प्राथमिकता दिदै योजना छनौट, सञ्चालन, अनुगमन तथा उपभोग गर्ने जस्ता जिम्मेवारी जनताका हुन भन्ने सन्देश दिनु आजको आवश्यकता भएको छ। स्थानीय निकायको कार्य प्रकृति र देशको विद्यमान संक्रमणकालीन अवस्थाको सन्दर्भमा राजनीति दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, संचारकर्मी एवं नगरबासीज्यूहरुको राय, सल्लाह, सुझाव र सहयोग जरुरी रहेको छ।

**गत आर्थिक वर्ष २०६९/७० र चालु आ.व. २०७०/७१ को आय ब्ययको समीक्षा**

उपस्थित महानुभावहरु, आ.व. २०६९/७० मा कुल खर्च रु. ५,९२,२७,१२१।- हुने अनुमान गरिएकोमा यथार्थ खर्च रु. ५,७८,४५,११०।- हुन गएको छ। जस मध्ये चालु खर्च रु. २१५२४०४८।- र पूँजिगत खर्च रु. ३६३२१०६१।- भएको छ।

यसैगरी चालु आ.व. २०७०/७१ मा अनुमानित आय रु. ७,४५,१३,९६०।- गरिएकोमा आन्तरिक स्रोततर्फ रु १,२२,२७,९६०।- र बाह्य स्रोततर्फ ६,२२,८६,०००।- अनुमान गरिएको छ। जस अनुसार चालु खर्चतर्फ रु २,३१,७०,०००।- छ भने पुँजिगत खर्चतर्फ रु ५,१३,४३,९६०।- खर्च हुने अनुमान गरिएको छ।

**नगरपालिकाका समस्या तथा चुनौतीहरु**

अमरगढी नगरपालिकालाई अझै बढी ब्यबस्थित, हरीयाली र सुन्दर बनाउनु आजको प्रमुख समस्या तथा चुनौतीको रुपमा रहेको छ। नगरपालिकामा ल्याण्डफिल साईडको निर्माण तथा ब्यबस्थापनका लागि जग्गाको ब्यवस्था, खानेपानी सुधार तथा बिस्तार, ढल निकास सुधार, निर्माण तथा बिस्तार, साँघुरो बसपार्क ब्यबस्थापन, जनचेतनाको अभिवृद्धि, संस्थागत क्षमताको बिकास र न्यून आयस्रोत अन्य समस्या तथा चुनौतीका रुपमा रहेका छन।

**उपस्थित महानुभावहरु, यिनै समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने दिशामा आगामी आ.व.२०७१/७२ का लागि तय गरिएका उद्देश्यहरु, निति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन।**

**उद्देश्य :**

१) हरित शहर (Green City) को अवधाराणा अनुसार भौतिक पूर्वाधार सुधार, बिस्तार तथा विकास गर्ने।
२) नगरपालिकाको आन्तरिक आयमा बृद्धि गर्न कर को दायरा फराकिलो र बिस्तार गर्ने।
३) नगर क्षेत्रको सरसफाई र वातावरणमा सुधार गरी स्वच्छ र स्वस्थ नगरको बिकास गर्ने।
४) पर्यटन प्रबर्द्धन तथा बिकास गर्ने।
५) सहभागितामूलक एवं विकास गरी गरिबी न्यूनीकरण गर्न लक्षित बर्ग कार्यक्रम संचालन गर्ने।
६) नगरपालीकाको क्षमता अभिवृद्धि गरि उच्च मनोबल निर्माण गर्ने।
७) सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसाथ गरी विकासका कार्यहरु अगाडी बढाउने।

## नीति तथा कार्यक्रमहरु :

**(१) शहरी भौतिक पूर्वाधार संरचना विकास नीति :**

१.१ ) अमरगढी नगरपालिकाको सडक तथा यातायात, खानेपानी, बिधुत, सिंचाई, खूल्ला क्षेत्र तथा पार्क र धाार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रलाई समेटिने गरी बृहत गुरु योजना (Master Plan) निर्माण गरी प्रभाबकारी रुपमा ाकर्यान्वयन गर्ने नीति लिईने छ ।

१.२) चक्रपथ ( Ring Road) को बिस्तार गरी दिगो यातायात व्यवस्थापनका लागि आबश्यक व्यवस्था मिलाईने छ ।

१.३) नगरको भौतिक पूर्वाधार निर्माण कार्यक्रमहरुमा सुधार तथा बिस्तारलाई निरन्तरता दिनुका साथै अधुरा रहेका तथा क्रमागत आयोजनालाई पुणताका लागि प्राथमिकता दिईने छ ।

१.४) ढल निकासको समस्या सामाधानार्थ ढल निकासको मर्मत, निर्माण तथा बिस्तार गर्ने ।

**(२) आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति :**

२.१ नगरपालिकाको राजश्व वृद्धिका लागि करको दायराहरुलाई दिगो र फराकिलो पार्दै कर असुलीमा कडाई गरिने छ । साथै आन्तरिक श्रोत कर, शुल्क, महशुल आदी असुली व्यवस्थालाई योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२.२ राजश्व प्रक्षेपण सम्बन्धी संभाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव तथा नगर स्तरीय राजश्व परामर्श समितिका सिफारिसहरुलाई नगरपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।

२.३ नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२.४ व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ ।

२.५ आन्तरिक राजश्व अभिवृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत विभिन्न संघसंस्थाहरु संग सहकार्य गरीनेछ ।

२.६ पेश्की तथा बेरुजुहरु फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी असुल उपर गर्नुपर्ने रकमलाई कडाईका साथ असुल उपर गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ ।

**(३) वातावरण, स्वास्थ्य र सरसफाई नीति :**

३.१.दीर्घकालीन फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साईट (Sainitary Landfill site) को अभाव खड्किएको अवस्थामा यसको निर्माण तथा व्यवस्थापनमा जोड दिईने छ ।

३.२.फोहरमैलाको संकलन एवं ब्यवस्थापनमा टोल विकास संस्था, निजी क्षेत्र एवं सामाजिक संघसंस्थाहरुलाई परिचालन गरी वातावरण सुधारमा प्रभावकारीता ल्याइने छ ।

३.३.नगर सरसफाई तथा फोहरमैला ब्यवस्थापन कार्यमा निजी क्षेत्र तथा टोल वस्ती समुदायलाई परिचालन गरिने छ ।

३.४.स्वच्छ तथा स्वस्थ खानेपानी वितरणलाई प्रभाबकारी बनाउन समन्वयकारी भुमिका खेल्ने छ ।

३.५.जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय स्तरमा भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार गरिने छ ।

**(४) पर्यटन नीति :**

४.१. नगरपालिका, सरकारी तथा गैरसरकारी निकाय, उद्योग वाणिज्य संघ, होटल व्यवसायी, पर्यटन व्यवसायी, नागरिक समाज र संचार माध्यम संग समन्वय र सहकार्य गरी अमरगढी क्षेत्रमा पर्यटन प्रवर्द्धन तथा विकास गरिने छ ।

४.२. पर्यटकीय स्थल उग्रतारा, घटाल मन्दिर क्षेत्र, अमरगढी पार्क र सहिद भिम दत्त स्मृति प्रतिस्ठान पार्क आदिको स्तरोन्नती गर्दै समग्र पर्यटन विकासलाई निरन्तरता दिईने छ ।

४.३.नगरको सुन्दरतालाई कायम राखी हरियाली वृद्धि गर्न साझेदारीमा वृक्षारोपण तथा संरक्षण कार्यक्रम संचालन गरिने छ ।

**(५) सामाजिक तथा समावेशी विकास नीति :**

५.१. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक संघ संस्था तथा स्थल लगायत सांस्कृतिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईने ।

५.२. नगरपालिकाको खेलकुद प्रबद्धन तथा बिकासका लागि केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय खेलकुदमा नगरबासीको सहभागिताका लागि उच्च प्राथमिकता दिनुका साथै नगरस्तरीय खेलकुद बिकासका लागि बिशेष पहल गरिने छ ।

५.३. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वृत्ति वितरण कार्यलाई अझै प्रभावकारी बनाइने छ ।

५.४.नगरको विकासमा NGO, INGO तथा विषयगत कार्यालयसंग समन्वय गरी साझेदारी गर्दै नगरको विकास गर्ने नीति अबलम्वन गरिने छ ।

५.५. सामाजिक परिचालनको माध्यमबाट गरिदैं आएका विभिन्न कार्यहरुलाई निरन्तरता दिइने छ ।

५.६. समानुपातिक विकासका लागि वडागत रुपमा गरिएको समानुपातिक वजेट विनियोजन प्रणालीलाई निरन्तरता दिइने छ ।

**(६) सुशासन प्रवर्द्धन एवं संगठन विकास नीति :**

६.१ नगरपालिकाबाट दिइने सेवा सुविधालाई अझ बढि प्रभावकारी बनाउनका लागि सुशासन सम्बन्धी कार्यहरुलाई प्रभावकारी वनाउदै लगिने छ । साथै नगरपालिकाको काम कारवाहीलाई अझै व्यवस्थित र चुस्त दुरुस्त वनाउन विनियम, निर्देशिका, कार्यविधि, आचारसंहिता बनाई लागु गरिने छ ।

६.२ नगरपालिकाको कर्मचारी प्रशासन विनियम तथा कर्मचारी कल्याण कोष विनियम समयानुकूल संशोधन गरी प्रभावकारी रुपमा लागू गरिने छ ।

६.३ नगरपालिकाको सांगठनिक संरचनामा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धि गरी सेवाग्राहीलाई प्रदान गरिने सेवा सुविधामा थप प्रभावकारिता ल्याउन ब्यवस्था मिलाईने छ ।

६.४ सर्वसाधरणको सूचनाको हकलाई सम्मान गर्दै सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनका लागि सो क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरुको सल्लाह र सुझावकै आधारमा कार्यक्रमलाई बढि प्रभावकारी बनाउदै संचारकर्मीहरुको सीप र क्षमता बिकासमा जोड दिईने छ ।

६.५ नगरपालिकाको निर्णय एवं कार्यलाई पारदर्शी तुल्याउन नगरपालिकाको वेव साईट, स्थानीय पत्र पत्रिका एवं रेडियो तथा अन्य प्रकाशन सामाग्रीहरु मार्फत संप्रेषण गर्ने कार्यलाई ब्यवस्थित गरिनेछ साथै नागरिक वडापत्रलाई समयानुकुल परिमार्जन गरिनेछ ।

६.६ नगरको सम्पूर्ण वास्तविक वृत्तचित्र झल्कने नगर प्रोफाइल तयार गर्न विषेश पहल गरिने छ ।

६.७ उपभोक्ता समितिबाट गरिने कार्यक्रमलाई व्यवस्थित गर्न निर्देशिका लाई समयअनुकूल संशोधन तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याईने छ ।

६.८ संचालित योजनाहरुको नियमित अनुगमन एवं सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याई समयमै कार्य सम्पन्न गरी त्यस्ता योजनाहरुको जाँचपास एवं फरफारक गरी सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

(७) **विविध :**

७.१.सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसाथ गरी विकासका कार्यहरु अगाडी बढाईने छ ।

७.२.यस क्षेत्रको उद्योग, व्यापार र पर्यटन क्षेत्रको विकास तथा विस्तारमा आवश्यक नीति तर्जुमा गरी अगाडी बढाईने छ ।

**यी उद्देश्य, नीति तथा कार्यक्रमहरुबाट पूर्वाधार विकास, आर्थिक विकास र सामाजिक सशक्तिकरणमा टेवा पुग्ने विश्वास गरिएको छ ।**

**उपस्थित महानुभावहरु,** यी उद्देश्य, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि आगामी आ.व.२०७१/७२ का लागि  कुल आय रु ६,७५,१५,०००।- अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोततर्फ रु. ८२,१५,०००।- र बाह्य तर्फ रु. ५,९३,०००००।- अनुमान गरिएको छ, भने खर्च तर्फ चालु खर्च रु. २,४७,२०,०००।- र पूँजिगत तर्फ रु.४,२७,९५,०००।- विनियोजित गरिएको छ ।

**उपस्थित महानुभावहरु,** कृषि सडक अन्तरगत प्राप्त रकम रु. ४० लाख यस नगरपालिकाका बिभिन्न सडकहरुको बिकास निर्माण का साथै मर्मत लागि वाँडफाँड गरिएको  छ । यो नगर तथा जिल्ला कै महत्वपूर्ण सार्वजनिक निर्माण कार्य सम्बन्धि आयोजनाहरु छनौट गरी जिल्लास्तरीय  आयोजनामा समावेश गर्न जिल्ला विकास समितिमा  सिफारिश गरिएको छ । आयोजनाहरुलाई अझै ब्यबस्थित गर्न नगरपालिकाको आवधिक योजना कार्यान्वयनमा सम्बन्धित सबैसंग समन्वय र सहकार्य गरी उद्देश्य र लक्ष्यमा पुग्ने प्रयास गरिएको छ । बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण मार्ग निर्देशन गर्नुहुने राजनैतिक दलका प्रतिनिधि/पदाधिकारी ज्यू तथा नगरवासीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी बजेट तर्जुमामा सहयोग गर्ने मेरा सहयोगी कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

**उपस्थित महानुभावहरु,** नगरवासीको बढ्दो आकांक्षा र आवश्यकतालाई परिपूर्ति गर्न यो बजेट पर्याप्त नभएता पनि वजेट तथा कार्यक्रमलाई यथासम्भव जनमुखी, समावेशी, परीणाममुखी बनाउने प्रयास गरिएको छ । साधन स्रोतको अपर्यापतताले नगरवासीका कतिपय जल्दाबल्दा मागलाई समेट्न नसकिएकोमा दुःख व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत वजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, गैर सरकारी संस्था तथा  नगरवासीहरुबाट पर्याप्त सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु ।

धन्यवाद !

**निर्णय नं. २** : गत आ.व. २०६९/७० को यथार्थ आय व्यय, चालू आ.व. २०७०/७१ को मंसिर मसान्त सम्मको यथार्थ आय व्यय, चालू आ.व.को संशोधित आय व्यय को अनुमान तथा आगामी आ.व. २०७१/७२ को अनुमानित आय व्ययको देहाय बमोजिमको विवरण पारित गर्ने निर्णय गरियो ।

| आम्दानी विवरण ( २०७०।७१) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वजेट आय शिर्षक** | **बिवरण** | ६९।०७० अनूमान | ६९।०७० यथार्थ | ०७०।७१ अनूमान | २०७० मंसिर सम्म | संशोधित अनूमान २०७०।७१ | संशोधित अनूमान २०७१।७२ |
| **क) आन्तरीक श्रोत** | | | | | | | |
| १.१.३ | घर वहाल कर | ५५००० | ३४१७१।४५ | ७५००० | ५४३९।१४ | ४०००० | ५०००० |
| १.१.५ | व्यवसाय कर | ७५०००० | ४१२८२० | ८००००० | २४९४०० | ५००००० | ६५०००० |
| १.१.७ | एकीकृत सम्पत्ति कर | १२००००० | १२३०४८०।७ | १५००००० | ५७३८४९ | १५००००० | १८००००० |
| १.२.१ | सवारी पाकिङ्ग | ३५०००० | ६३४०१५ | ४००००० | | ५५०००० | ५५०००० |
| १.२.७ | स्थानीय विकास शुल्क | | | | | ० | |
| १.३.२ | नक्सा पास | २२५००० | ३६६९६७७५ | २५०००० | १४१३२९ | ४००००० | ५००००० |
| १.३.३ | सिफारिस तथा वक्सौनी | ५५०००० | ७१२८२१।५२ | ६५०००० | ३०५३३३ | ८००००० | ८५०००० |
| १.३.४ | रजिष्ट्रेशन | ४०००००० | ३९६४५०२ | ३५००००० | १२५८२८१ | २५००००० | ३०००००० |
| | नाता प्रमाणित | २०००० | १२३२५ | २०००० | ४३३५ | १५००० | १५००० |
| १.७.२ | मौज्दात | ३९७६५२१ | ३९७६४३४ | ० | ५१२२९४६ | ५१२२९५९।६ | ० |
| १.७.६ | अन्य आय | ७००००० | ११२८७१५ | ८००००० | ७८०६० | ८००००० | ८००००० |
| | | ११८२६५२१ | १२४७३२५२ | ७९९५००० | ७७३८९७१ | १२२२७९६० | ८२१५००० |
| **ख) वाह्य स्रोत** | | | | | | | |
| | ससर्त अनुदान (,कृषि सडक) | ३१५०००० | ३१५०००० | ४०००००० | १३००००० | ४०००००० | ४०००००० |
| | **LGCDP-** स्था.नि.सा.वि.कार्यत्रम | २००४६०० | २००४६०० | ३०००००० | २८०००० | १२५६००० | २५००००० |
| | सडक बोर्ड | १५७९००० | १५१२५०० | ३०००००० | | १८००००० | २०००००० |
| १.८.१.२ | निसर्त अनुदान ,प्रसाशन अनुदान | १४३३००० | १४३३००० | १५००००० | | ० | ० |
| | पुजिगत अनुदान | १०१०२००० | १०१०२००० | १००००००० | ४४००००० | १३२४०००० | १३५००००० |
| | स्थानिय विकासशुल्क कोष | ५७३२००० | ५७३२००० | १४०००००० | ५५२२००० | ११०००००० | ११०००००० |
| | | | | | | | |
| | जनश्रमदान | ० | ११६०००० | ० | | ० | ० |
| १.१.८.३ | जगेडाकोष अनुदान | १४४००००० | १३८६४००० | १५०००००० | ५६७८००० | १७६७८००० | १२०००००० |
| १.८.२.१ | जि.वि.स अनुदान(सा.सु) | ८५००००० | १११०४७०० | १०००००००० | ३८४२८०० | ११५००००० | ११८००००० |
| १.९.१ | कार्यक्रम अनुदान ( स्वास्थ्य) | ५००००० | ३१२००० | १०००००० | १८१२००० | १८१२००० | २५००००० |
| १.१० | अन्य अनुदान | | १२०००० | | ० | ० | ० |
| जम्मा | जम्मा | ४७४००६०० | ५०४९४८०० | ६१५००००० | २२८३४८०० | ६२२८६००० | ५९३००००० |
| | कुल जम्मा | ५९२२७१२१ | ६२९६८०५२ | ६९४९५००० | ३०५७३७७१ | ७४५१३९६० | ६७५१५००० |

## खर्च विवरण (२०७०।७१)

### क) चालु खर्च

| | खर्च शिर्षक | ०६९।७० अनुमान | ०६९।७० यथार्थ | ०७०।७१ अनुमान | २०७० मंसिर सम्म | संशोधित अनुमान २०७०।७१ | २०७१।७२ अनुमान |
|---|---|---|---|---|---|---|---|
| | **१. उपभोग खर्च** | | | | | | |
| १.०१.१ | तलव ( कर्मचारी) | ४६५०००० | ४६००८८६१२ | ५०००००० | २५८४२९९ | ५०००००० | ५५००००० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | ३५०००० | ३५०००० | ४५०००० | ० | ४५०००० | ५००००० |
| १.०२.१ | भत्ता कर्मचारी | ७२५००० | ८०३५९९ | ७५०००० | ४५०६६४ | १०८०००० | ११००००० |
| १.०२.३ | वैठक भत्ता | ४०००० | ४४००० | ५०००० | | ६०००० | १००००० |
| १.०३ | सरुवा दै.भ्र.भ | ७०००० | ६६४८० | ४०००० | ४६१६० | ८०००० | ८०००० |
| १.०४ | पोशाक | १९५००० | १८७५०० | २००००० | २००००० | २००००० | २००००० |
| १.०८ | तालिम कार्यक्रम | २०००० | २०००० | ५०००० | ० | ३०००० | ४०००० |
| | जम्मा | **६०५००००** | **६०७२४६५** | **६५४००००** | **३२८११२३** | **६९०००००** | **७५२००००** |
| | | | | | | | |
| २.०१ | पानी तथा विजुली महसुल | ५०००० | ४६७३१ | ७०००० | २६१०० | ६०००० | ७५००० |
| २.०२ | संचार महसुल | १००००० | १०५५८२ | १००००० | ३७६८४ | १००००० | १००००० |
| २.०३ | कार्यालय संचालन खर्च | ८५०००० | ८४५३१५ | ७५०००० | ८१९४५६ | १०००००० | १२००००० |
| २.०४ | भाडा | १००००० | ११९९२५ | ५०००० | ७२०० | १००००० | ७५००० |
| २.०५ | मर्मत तथा सम्भार | ६२५००० | ८४००८७ | ६५०००० | ३३९४५२ | ९००००० | १०००००० |
| २.०६.१ | इन्धन | ५५०००० | ६४३६२७१२ | ६००००० | ३००३४७ | ६००००० | ७००००० |
| २.०६.३ | इन्धन अन्य | ५०००० | ३९२२० | ३५००० | १०९१५ | ४०००० | ४०००० |
| २.०८.१ | सदस्यता शुल्क | ३०००० | ३०००० | २५००० | २५००० | ५५००० | ३५००० |
| २.०८.२ | आर्थिक सहायता | १५००० | १९००० | ३५००० | ६२०० | २५००० | ३५००० |
| २.०८.४ | नगरपरिषद संचालन | ४५००० | ४३७४० | | ० | ९०००० | ४०००० |
| २.०८.५ | विविध खर्च | २७५००० | २६४८०७ | २२५००० | १६२९९३ | २५०००० | २५०००० |
| | जम्मा | **२,६९०,०००** | **२९९८०३४** | **२५४००००** | **१७३५३४७** | **३२२००००** | **३५५००००** |
| | **३. अनुदान** | | | | | | |
| ३.०३ | सामाजिक संस्थाअनुदान | १५००० | १४००० | १५०००० | १०००० | ५०००० | ५०००० |
| ३.०४ | सामाजिक सुरक्षा अनुदान | ८५००००० | १०९९२३०० | १००००००० | ३८४५४०० | ११५००००० | १२०००००० |
| | जम्मा | **८५१५०००** | **११००६३००** | **१०१५००००** | **३८५५४००** | **११५५००००** | **१२०५००००** |
| **४.सेवा खर्च** | | | | | | | |
| ४.०५२ | कार्यक्रम भ्रमण खर्च | ५५०००० | ६५७८६२ | ५००००० | ३५५१२९ | ६००००० | ६००००० |
| ४.०७ | फोहर मैला व्यवस्थापन | ८००००० | ७८९३८७ | १०००००० | ६१२६८८ | ९००००० | १०००००० |
| ४.०९ | सडक वत्ति महसुल | | | ० | | | ० |
| | जम्मा | १३५०००० | १४४७२४९ | १५००००० | ९६७८१७ | १५००००० | १६००००० |
| | **कूल जम्मा** | **१८,६०५,०००** | **२१५२४०४८** | **२०७३००००** | **९८३९६८७** | **२३१७००००** | **२४७२००००** |
| | **ख पुँजिगत खर्च** | | | | | | |
| | **५.पुजिं निर्माण खर्च** | | | | | | |
| ६.०३ | मेसनरी औ. उप. | १६०००० | १७२६७६ | ३५०००० | ५०६५२ | १५०००० | २५०००० |
| ६.०४ | नगर स्वास्थ्य | | | | २५७३०० | २०४०००० | २५००००० |
| ६.०६ | फर्निचर खरिद | ७५००० | ६६८२० | १५०००० | ६७८० | ५०००० | १००००० |
| ६.०५ | सार्वजनीकनिर्माणखर्च | ३८३८२५२१ | ३४०७६९६६ | ४५७६५००० | १०१९७३१३ | ४१४७२९६० | ३७३९५००० |
| ६.०५ | दमकल खरिद | | | | ६३५०००० | ६३५०००० | ० |
| ६.०७ | कार्यक्रम LGCDP | २००४६०० | २००४६०० | २५००००० | २८०००० | १२५६००० | २५००००० |
| | जम्मा | **४०६२२१२१** | **३६३२१०६२** | **४८७६५०००** | **१७१४२०४५** | **५१३१८९६०** | **४२७४५०००** |
| | **पुंजिगत अनुदान** | | | | | | |
| ८.०३ | समाजिकस.स्थाअनुदान | | | | २५००० | २५००० | ५०००० |
| | **जम्मा** | **४०६२२१२१** | **३६३२१०६२** | **४८७६५०००** | **१७१६७०४५** | **५१३४३९६०** | **४२७९५०००** |
| | **कुल जम्मा** | **५९,२२७,१२१** | **५७८४५११०** | **६९४९५०००** | **२७००६७३२** | **७४५१३९६०** | **६७५१५०००** |

**निर्णय नं. ३ :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ६ को दफा १२३ को उपदफा (३) बमोजिम यस नगरपालिकामा विगतमा स्वीकृत भई निर्माण कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको जाँचपास र फरफारक सम्बन्धी कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय ४ :** आ.व. २०७०/२०७१ का लागि यस अमरगढी नगरपालिका अन्तरगतका बिभिन्न स्थानहरुमा आयोजनाहरु कार्यान्वयनको सन्दर्भमा निम्न आयश्रोत भएको यस नगरपालिकाको बजेटको अपर्याप्तताले गर्दा एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकता निर्धारण गरी नगरपालिका कार्यालयमा सिफारिस भई आएका तपसिल बमोजिमका आयोजना एवं कार्यक्रमहरुलाई संचालन गर्ने निर्णय गरियो ।

**तपसिल :**

**(क) वडास्तरीय आयोजनाहरु :**

**वार्ड न. १**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | तडी बटा खा.पा. निर्माण | अ.न.पा. १ तडीबाटा | १,००,०००।- | |
| २. | भेटा खा.पा. निर्माण क्रमागत | अ.न.पा. १ भेटा | १,२५,०००।- | |
| ३. | मनाना सडक निर्माण | अ.न.पा. १ मनाना | ७५,०००।- | |
| ४. | मालम थलौट देखी ऋषि खोला सडक निर्माण | अ.न.पा. १ मालम | ७५,०००।- | |
| ५. | बण्ड खा.पा. योजना निर्माण | अ.न.पा. १ बण्ड | ५०,०००।- | |
| ६. | भुमिराज देखि दगलाखेत सम्मको बाटो निर्माण | अ.न.पा. १ दगलखेत | १,००,०००।- | |

जम्मा रकम रु. ५,२५,०००।-

**वार्ड न. २**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सिमार खा.पा. निर्माण | अ.न.पा. २ मौरडा | १,००,०००।- | |
| २ | काली खाया खा.पा. निर्माण ( करडागाउँ, जुगिना ) | अ.न.पा. २ कुस्माली | २,००,०००।- | |
| ३ | सिमारखोला बाटो सोलिड. गर्ने कार्य | अ.न.पा. २ जोशिना | ५०,०००।- | |
| ४ | सहिद पार्क निर्माण | अ.न.पा. २ कारीगाउँ | १,००,०००।- | |
| ५ | सहश्रलिङ्ग घेरबार शिर्षास्थान | अ.न.पा. २ जोशिना | ५०,०००।- | |

जम्मा रकम रु. ५,००,०००।-

**वार्ड न.३**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पटौली खा.पा. निर्माण | अ.न.पा. ३ काँडे | १,००,०००।- | |
| २ | खा.पा. मर्मत चिरकिट्टे, जोरेकाँडा र रोडङ्गा | अ.न.पा. ३ चिरकिट्टे | ५०,०००।- | |
| ३ | श्री घटाल उ.मा.बि. नुवाकोट खेलमैदान निर्माण | अ.न.पा. ३ नुवाकोट | २,००,०००।- | |
| ४ | जोरेकाँडा खा.पा.मर्मत | अ.न.पा. ३ जोरेकाँडा | २५०००।- | |
| ५ | पुल निर्माण क्रमागत | अ.न.पा. ३ तल्लो गुर्जलेक | २,००,०००।- | |

जम्मा रकम रु. ५,७५,०००।-

**वार्ड न. ४**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रावल भाटगाउँ खा.पा. मर्मत | अ.न.पा. ४ भाटगाउँ | ५०,०००।- | |
| २ | चौमोला सिचाई निर्माण | अ.न.पा. ४ | ५०,०००।- | |
| ३ | धनाकाट सिचाई योजना निर्माण | अ.न.पा. ४ | ५०,०००।- | |
| ४ | टुडिखेल हाँट गोरेटो बाटो निर्माण | अ.न.पा. ४ | १,००,०००।- | |
| ५ | कुईनौला भलिया खा.पा. निर्माण | अ.न.पा. ४ | १,००,०००।- | |
| ६ | शिब मन्दिरमा पार्क निर्माण | अ.न.पा. ४ | १,००,०००।- | |
| ७ | सौकाली सिचाई निर्माण | अ.न.पा. ४ | ५०,०००।- | |
| ८ | सिलाई कटाई तालिम दलित बस्ती | अ.न.पा. ४ | ५०,०००।- | |

जम्मा रकम रु. ५,५०,०००।-

**वार्ड न. ५**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | तुफानडाँडा नौला मर्मत कार्य । | अ.न.पा. ५ तुफानडाँडा | २५,०००।- | |
| २. | घटाल मन्दिर देखि झुर्काली सडक निर्माण | अ.न.पा. ५ झुर्काली | ७५,०००।- | |
| ३. | सनलाईट देखि पुरानो ज्ञानोदय स्कुल सम्म बाटो निर्माण | अ.न.पा. ५ तुफानडाँडा | ५०,०००।- | |
| ४. | माथि खेत सिचाई पोखरी निर्माण | अ.न.पा. ५ जिलोडा | ७५,०००।- | |
| ५. | खा.पा. निर्माण | अ.न.पा. ५ सेलागाउँ | ७५,०००।- | |
| ६. | दलित जनजातीलाई सिपमुलक तालिम | अ.न.पा. ५ | ५०,०००।- | |
| ७. | खा.पा. नौला मर्मत दलित बस्ती तल्लो जिलोडा | अ.न.पा. ५ तल्लो जिलोडा | ४०,०००।- | |
| ८. | किर्तिपुर असिओराड सडक निर्माण | अ.न.पा. ५ मल्लो जिलोडा | ७५,०००।- | |
| ९. | ठुल नौला बाटो निर्माण | अ.न.पा. ५खलंगा | ५०,०००।- | |

जम्मा रकम रु. ५,१५,०००।-

**वार्ड न. ६**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | तोली अल्लेबाटा दुमडा सिचाई योजना | अ.न.पा. ६ दुमडा | ३,००,०००।- | |
| २. | गुनेगाड छचोडा दलीत बस्ती मल्लोगाउँ सिचाई योजना निर्माण | अ.न.पा. ६ छचोडा | १,००,०००।- | |
| ३. | कैलाश प्रा.बि. भालुमारे खा.पा. निर्माण | अ.न.पा. ६ भालुमारे | ५०,०००।- | |
| ४. | छचोडा कोटकाडे कृर्षि सडक निर्माण | अ.न.पा. ६ कोटकाँडे | ५०,०००।- | |
| ५. | पोखरा भजनपुर सडक निर्माण | अ.न.पा. ६ पोखरा | ५०,०००।- | |

जम्मा रकम रु. ५,५०,०००।-

**वार्ड न. ७**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | समैजी कालसैनी सिखर टो.बि. संस्था भटगाउ खा.पा. निर्माण | अ.न.पा. ७ भटगाउँ | १,४५,०००।- | |
| २. | गैरीगाड सेल्लाउ सैनी रगडा सल्लागाउँ सिचाई योजना निर्माण | अ.न.पा. ७ पोखरा | १,४५,०००।- | |
| ३. | सिरोला दुर्गा न्वाला सिचाई पोखरी निर्माण | अ.न.पा. ७ सिरोला | ३०,०००।- | |
| ४. | पोखरा चुकेपड हुदै गडीगाउँ सम्म को घोरेटो बाटो निर्माण | अ.न.पा. ७ पोखरा | १,००,०००।- | |
| ६. | बालमैत्रीक सम्बन्धी बिभिन्न कार्यक्रम क्षमता बिकास | अ.न.पा. ७ पोखरा | | |
| ७. | सुनपोखरी न्वाला निर्माण | अ.न.पा. ७ पोखरा | ५०,०००।- | |
| ८. | रातागुन सिरोला कृर्षि सडक निर्माण | अ.न.पा. ७ रातागुन | ५०,०००।- | |

जम्मा रकम रु. ५,२०,०००।-

**वार्ड न. ८**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बकण्डे टाँटर लटाउली खनमडा सल्लेश्वर सम्म सडक निर्माण | अ.न.पा. ८ | १,५०,०००।- | |
| २ | टाँटर झडीगाउँ सडक निर्माण | अ.न.पा. ८ | १,००,०००।- | |
| ३ | खनमडा पार्कीटोल सार्बजनिक भवन निर्माण । | अ.न.पा. ८ | ५०,०००।- | |
| ४ | गैरालगाउँ सिचाई योजना निर्माण | अ.न.पा. ८ | ५०,०००।- | |
| ५ | बसाली सिमली सिचाई योजना निर्माण । | अ.न.पा. ८ | १,००,०००।- | |
| ६ | ठुलीपोड मुल मर्मत कार्य | अ.न.पा. ८ | २५,०००।- | |
| ७ | बकण्डे खा.पा. धारा निर्माण  सार्कीटोल | अ.न.पा. ८ | ५०,०००।- | |

जम्मा रकम रु. ५,२५,०००।-

**वार्ड न. ९**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पनौली सार्की टोल को खा.पा. निर्माण | अ.न.पा. ९ पनौली | ८५,०००।- | |
| २ | हर्तक सर्की टोलको खा.पा. निर्माण | अ.न.पा. ९ हर्तक | ५०,०००।- | |
| ३ | झुकालगाउँ खा.पा. मर्मत | अ.न.पा. ९ झुकालगाउँ | ५०,०००।- | |
| ४ | बागखेत पोखरी मर्मत दलित | अ.न.पा. ९ | ६०,०००।- | |
| ५ | ओखलागैरा खा.पा. निर्माण | अ.न.पा. ९ ढकाउली | ५०,०००।- | |
| ६ | पिपल देउ कुलो मर्मत | अ.न.पा. ९ | १,००,०००।- | |
| ७ | ढाँटगाउ सडक निर्माण | अ.न.पा. ९ | १,००,०००।- | |
| ८ | ढकाउली पोखरी बाट पल्लो तोला सम्म पाईप द्धारा सिचाई निर्माण | अ.न.पा. ९ | ३०,०००।- | |

जम्मा रकम रु. ५,२५,०००।-

**वार्ड न. १०**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | साउद टोल खा.पा. निर्माण भडार | अ.न.पा. १० भडार | ७५,०००।- | |
| २. | रावल टोल खा.पा. निर्माण | अ.न.पा. १० रावलगाउँ | ७५,०००।- | |
| ३. | भण्डारी गाउँ सामुदायिक भवन निर्माण | अ.न.पा. १० भण्डारीगाउँ | ८०,०००।- | |
| ४. | डमखेत पार्की टोल बाटो सोलिड. कार्य | अ.न.पा. १० पार्की टोल | ५०,०००।- | |
| ५. | लडे खा.पा. निर्माण | अ.न.पा. १० लडेगाउँ | ५०,०००।- | |
| ६. | तल्लो बुडाली आरन औजार खरीद | अ.न.पा. १० तल्लो बुडाली | ५०,०००।- | |
| ७. | सहश्रलिङ्ग उ.मा.बि. को काडेतार घेरबार | अ.न.पा. १० | ७५,०००।- | |
| ८. | क्षमता बिकास कार्यक्रम महिला अपाङ्ग | अ.न.पा. १० | ५०,०००।- | |

जम्मा रकम रु. ५,०५,०००।-

**वार्ड न. ११**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सामुदायिक भवन निर्माण ( क्रमागत) | अ.न.पा. ११ पालीगाउँ | १,००,०००।- | |
| २. | खा.पा. निर्माण बदेसिम लिटिरीगाउँ ( क्रमागत) | अ.न.पा. ११ लिटिरीगाउँ | १,५०,०००।- | |
| ३. | खा.पा. न्वालो निर्माण रुपालिगाएँ (डोबरा दलित बस्ती) | अ.न.पा. ११ रुपालिगाउँ | ४०,०००।- | |
| ४. | पोखरी मर्मत ओखला ढुङ्गा रामखेत | अ.न.पा. ११ | ४०,०००।- | |
| ५. | खा.पा. मर्मत लिटिरीगाउँ दुगुन्वालो | अ.न.पा. ११ | ४०,०००।- | |
| ६. | खा.पा. मर्मत स्किम न. १७,१८ फिन्नेकोट | अ.न.पा. ११ | १,००,०००।- | |
| ७. | आरन निर्माण लिटिरीगाउँ , फिन्निकोट | अ.न.पा. ११ | ४५,०००।- | |

जम्मा रकम रु. ५,१५,०००।-

(ख. १) आ.ब. २०७०/२०७१ का लागि अन्य आयोजनाहरू :

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पत्रकार महासंघ भवन निर्माण | अ.न.पा. ५ तुफाडाँडा | १,००,०००।- | |
| २ | आदिबासी, जनजाती भवन शौचालय निर्माण | अ.न.पा. ५ बागबजार | १,००,०००।- | |
| ३ | गै.स.स. महासंघ डडेल्धुरा लाई फर्निचर खरीद | अ.न.पा. ५ डडेल्धुरा | २५,०००।- | |
| ४ | मौरडा स्कुल देखि कैलपालमाडौ सम्म सडक निर्माण | अ.न.पा २, १ | १,००,०००।- | |
| ५ | कुसमाली जुगीना सडकमा पर्खाल निर्माण | अ.न.पा. २ | १,००,०००।- | |

जम्मा रकम रु. ४,२५,०००।-

(ख. २) आ.व. २०७०/२०७१ का लागि अन्य आयोजनाहरू

| सि.न. | आयोजनाको नाम | आयोजना स्थल | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा नक्सापास मापदण्ड कार्यविधि तयार गर्ने कार्य । | | १,२५,०००।०० | |
| २ | वातावरण व्यवस्थापन कार्यक्रम कोष | | ५०,०००।०० | |
| ३ | वधस्थल व्यवस्थापन (पिपिपि) | | २५,०००।०० | |
| ४ | संभाव्यता अध्ययन, प्रभाव मूल्यांकन, प्रारम्भीक वातावरणीय परीक्षण | | २५,०००।०० | |
| ६ | विपत व्यवस्थापन कोष | | २५,०००।०० | |
| ७ | खेलकूद तथा सांस्कृतिक कार्यक्रम | | ५०,०००।०० | |
| ८ | क्षमता विकास कार्यक्रम | | ३,००,०००।०० | |
| ९ | समपूरक कोष | | १,००,००,०००।०० | |
| १० | ल्यापटप खरिद (कम्प्युटर) | | ७५,०००।०० | |

जम्मा रकम रू. १,०६,७५,०००।००

(ख. ३) आ.व. २०७०/२०७१ का केही अन्य आयोजनाहरू

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अमरगढी उद्यान ( पार्क ) सुधार तथा बिस्तार आयोजना | अ.न.पा. २ | ६०,००,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने । |
| २. | फोहरमैला व्यवस्थापन तथा सरसफाई आयोजना | अ.न.पा. ५ | १०,००,०००।०० | सं.मा. तथा स्था.वि.म. र फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रमा अनुरोध गर्ने । |

**(ग) जगेडा कोष कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरु :**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | आईत घटाल सडक कालोपत्रे निर्माण आयोजना | अ.न.पा. ३, घटाल | १,००,००,०००।- | अनुमोदन गरियो । |
| २. | उग्रतारा सडक कालोपत्रे निर्माण आयोजना | अ.न.पा. ८ उग्रतारा | १,००,००,०००।- | ,, |

जम्मा रकम रु.२,००,००,०

**घ) कृषि सडक कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरु :**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मर्मत संभार कार्यक्रम ( मर्मत सम्भार बिशेष कोष ) | अ.न.पा. सबै क्षेत्र | १०,००,०००।- | अनुमोदन गरियो । |
| २ | पोखरा - तिलाडी सडक निर्माण | अ.न.पा. ७, तिलाडी | ५,००,०००।- | ,, |
| ३ | भलिया - हरडी सडक निर्माण | अ.न.पा. ४, हरडी | ५,००,०००।- | ,, |
| ४ | मौरडा - मुडुवा सडक निर्माण | अ.न.पा. २, मौरडा | ५,००,०००।- | ,, |
| ५ | रातागुन - खनमडा सडक निर्माण | अ.न.पा. ८, खनमडा | ५,००,०००।- | ,, |
| ६ | टुडिखेल - आईत | अ.न.पा. ४, खलंगा | ५,००,०००।- | ,, |
| ७ | चिम्रीकोट - घटाल | अ.न.पा. २,३, चिम्रीकोट | ५,००,०००।- | ,, |

जम्मा रकम रु. ४०,००,०००।-

**(ङ) सडक बोर्ड नेपाल कार्यक्रम ( मर्मत संभार विशेष कोष) अन्तर्गत संचालित आयोजनाहरु :**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | डकले - सल्लाघारी सडक सुधार | अ.न.पा. ८,९,१०,११ | २५,००,०००।- | अनुमोदन गरियो । |

जम्मा रकम रु. २५,००,०००।-

निर्णय न. ५ : स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम योजना तर्जुमा तथा आयोजना छनौट गरी आगामी आ.व.मा कार्यान्वयन गर्ने सन्दर्भमा आ.ब. २०७१/७२ का लागि वडा भेला हुँदै एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकता निर्धारण गरी नगरपालिका कार्यालयमा सिफारिस भई आएका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई समपूरक कोष (Matching Fund) छुट्टयाई छनौट तथा कार्यान्वियन गर्ने निर्णय गरियो ।

क) आयोजना व्यवस्थापन सेवा ( कन्टेनजेन्सी ) रकम रू ३०००००।०० ( ३ प्रतिशत )

| **कार्यक्रम तथा बजेट बाँडफाँड** | | | |
|---|---|---|---|
| **क.सं.** | **कार्यक्रमको विवरण** | **रकम** | **कैफियत** |
| १ | सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी कार्यहरुका लागि खर्च ( योजना) | ५००००।०० | |
| २ | ड्ईङ्ग, डिजाईन र सर्भे आदि | ५५०००।०० | |
| ३ | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र समीक्षा सम्बन्धी खर्च | २५०००।०० | |
| ४ | कार्यालय व्यवस्थापन (फाईलिङ्ग) | ५००००।० | |
| ५ | उपभोक्ता समितिलाई तालिम (८० जना) | ५००००।०० | |
| ६ | मुभि क्यामेरा १ थान | २००००।०० | |
| ७ | योजना व्यवस्थापनका लागि प्राविधिक उपकरणहरु (मेजरिङ्ग टेप, कम्प्युटिङ्ग स्केल आदि) खरिद | ५००००।०० | |

कूल जम्मा रू. ३०००००।००

| ख) बालबालिका कार्यक्रम रकम रू. ९,७०,०००।०० ( १० प्रतिशत ) | | | | |
|---|---|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रु. | कैफियत |
| १ | बालक्लब गठन,बाल शिक्षा,बाल बिकास केन्द्र सञ्चालन,बाल श्रम निवारण सम्बन्धि कार्यक्रम तथा असाह,अनाथ,अपाङ्ग बालबालिकाहरूको तथाङ्क संकलन गर्ने कार्य | | २७००००।०० | |
| २ | बिधालय पूर्वाधार बिकास तथा खेल सामग्री | | ७०००००।०० | |

जम्मा रकम रू. ९७००००।००

ग) महिला कार्यक्रम रू. ९,७०,०००।०० ( १० प्रतिशत )

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिपमूलक तालिम कार्यक्रम | | १०००००।०० | |
| २ | महिला स्वयम सेबिका अक्षयकोष | | ७००००।०० | |
| ३ | महिला सेपहाउसका लागि सामग्री खरिद | | ५००००।०० | |

जम्मा रकम रू. २२००००।००

भौतिक पुर्वाधार कार्यक्रम ( महिला )

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | डोला महिला सामुदायिक भवन निर्माण वडा न. १ | डोला अ.न.पा. १ | १०००००।०० | |
| २ | कैलपाल महिला सिचाई योजना निर्माण जोशीना २ | जोशीना अ.न.पा. | ७५०००।०० | |
| ३ | एकिकृत महिला सहकारी भवन निर्माण ५ | अ.न.पा. ५ | १०००००।०० | |
| ४ | प्रसुती सेवाका लागि उपकरण खरिद कार्य ७ | अ.न.पा. ७ | ५००००।०० | |
| ५ | पन्तोला सिचाई ( महिला ) ८ | अ.न.पा. ८ | ७५०००।०० | |
| ६ | प्रसुती सेवाका लागि उपकरण खरिद कार्य ९ | अ.न.पा. ९ | ५००००।०० | |
| ७ | महिला ताजा तरकारी का लागि सिचाई १० | अ.न.पा. १० | १०००००।०० | |
| ८ | सिचाई पोखरी मटेला | अ.न.पा. ११ | १०००००।०० | |
| ९ | सामुदायिक भवन निर्माण बरडा ढांटगाउं | अ.न.पा. १० | १०००००।०० | |
| | | जम्मा रकम रू. | ७५०००००।०० | |

घ) आदिवासी, जनजाती, दलित, अपाङ्ग आदि रकम रू. १४,५५,०००।०० ( १५ प्रतिशत )

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | अपाङ्गका लागि सहायक सामग्री खरिद सिपमूलक एच.आई.भी. पिडित राहत कार्यक्रम। | | १०००००।०० | |
| २ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | | २५०००।०० | |
| ३ | जनजाती लाई बंगुर पालन कार्यक्रम | | ५००००।०० | |
| ४ | क्षमता बिकास दलित संचेतना कार्यक्रम | | १५००००।०० | |
| | | जम्मा रकम रू. | ३२५०००।०० | |

भौतिक पुर्वाधार कार्यक्रम (आदीबासी, जनजाती, दलित, अपाङ्ग आदि।

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | टमटाटोल खा.पा. निर्माण मालम | अ.न.पा. १ | २५०००।०० | |
| २ | दमाईटोल मन्दिरको यज्ञशाला निर्माण मालम | अ.न.पा. १ | ३००००।०० | |
| ३ | आईत जोशिना वडा कार्यालय सम्म बाटो | अ.न.पा. २ | ५००००।०० | |
| ४ | दलित खालीगौरा पोखरी जोशिना | अ.न.पा. २ | ५५०००।०० | |
| ५ | गुर्जलेक खा.पा. निर्माण वडा न. ३ | अ.न.पा. ३ | २५०००।०० | |
| ६ | नरसिंहभैरब मन्दिर वडा न. ४ | अ.न.पा. ४ | ३००००।०० | |
| ७ | सेलागाउं खा.पा.दलित बस्ती वडा न. ५ | अ.न.पा. ५ | ३००००।०० | |
| ८ | गूनेईगाड छचोडा सिचाई दलित बस्ती | अ.न.पा. ६ | १०००००।०० | |
| ९ | सूनपोखरी बिसौना कूलो निर्माण पार्की टोल | अ.न.पा. ७ | ५००००।०० | |
| १० | अडीगाउं खा.पा. निर्माण | अ.न.पा. ८ | ४००००।०० | |
| ११ | बकण्डे सा.भवन निर्माण दलित बस्ती | अ.न.पा. ८ | ५००००।०० | |
| १२ | बालमन्दिर किल्ला सडक निर्माण | अ.न.पा. ५ | ४००००।०० | |
| १३ | चमालेक गौणीखेत पोखरी दलित बस्ती | अ.न.पा. ९ | ७५०००।०० | |
| १४ | तल्लो बूडाली ना.स.के. भवन निर्माण | अ.न.पा. १० | ५००००।०० | |
| १५ | भण्डारीगाउ दलित खा.पा. | अ.न.पा. १० | ३००००।०० | |
| १६ | नागरिक सचेतना केन्द्र | अ.न.पा. ११ | ५००००।०० | |
| १७ | गगेती मन्दिरमा घेरकार तथा संरक्षण | अ.न.पा. ११ | ५००००।०० | |
| १८ | जनजाती भवन प्लास्टर झ्याल ढोका ग्रिल आदि | अ.न.पा. ५ | २५००००।०० | |
| १९ | गोधरा ठूलधारा सडक निर्माण | अ.न.पा. ५ | १०००००।०० | |
| | | जम्मा रकम रू. | ११३००००।०० | |

ङ)	अन्य आर्थिक, सामाजिक एवं पुर्वाधार बिकास कार्यक्रम तथा प्रबर्द्धनात्मक कार्यक्रमहरू

वार्ड न. १

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | बण्ड खा.पा. टंकी निर्माण | बण्ड अ.न.पा. १ | ५०००0।00 | |
| २ | मौरडा जूडिना न्वालो खा.पा. निर्माण | अ.न.पा. १ | ३०००0।00 | |
